प्रतिदिन १५औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

**सार्वजनिक सेवालाई पारदर्शी बनाऔं**
- सार्वजनिक निकायका कामकारवाहीलाई पारदर्शी बनाऔं।
- सेवाग्राहीले सहज र सोझै सेवा लिनसक्ने व्यवस्था मिलाऔं।
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं, विचौलियामार्फत काम नगरौं।
- सकेसम्म सेवाग्राही आफैले सेवा प्राप्त गर्ने गरौं।

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१५ ।। अङ्क : ४६ ॥ २०७९ चैत्र ०८ गते बुधवार (22nd Mar 2023 Wednesday) Pratidin National Daily dÑo-?÷%÷-

# झापामा अनेरास्ववियु र नेविसंघ बराबरी



झापा(प्रस) । चैत ५ गते झापाका १० वटा क्याम्पसमा सम्पन्न स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको मतपरिणाम सार्वजनिक भएको छ। ती दशवटा क्याम्पसमध्ये पाँचवटामा नेकपा एमालेनिकट अनेरास्वावियुले र पाँचवटामा नेपाली कांग्रेसनिकट नेपाल विद्यार्थी संघले सभापति पद जितेका छन् ।

अनेरास्वावियुले मेची बहुमुखी क्याम्पस भद्रपुर , कन्काई बहुमुखी क्याम्पस सुरुङ्गा ,गौरीगञ्ज बहुमुखी क्याम्पस गौरीगञ्ज , गौरादह कृषि क्याम्पस गौरादह र सितारमेश क्याम्पस बुद्धशान्तिमा सभापति पद जितेको हो भने नेविसंघले दमक बहुमुखी क्याम्पस दमक, कन्काई आदर्श क्याम्पस बिर्तामोड , इन्द्रचन्द्र क्याम्पस बिर्तामोड , शनिश्चरे बहुमुखी क्याम्पस शनिश्चरे र त्रिदेव क्याम्पस मेचीनगरमा सभापति पद जितेको छ ।सबैभन्दा पछि मतपरिणाम सार्वजनिक भएको दमक बहुमुखी क्याम्पसको स्वविवु सभापतिमा नेविसंघले जितेको छ । सचिव पद पनि नेविसंघले जितेको त्यस क्याम्पसमा कोषाध्यक्ष अखिल क्रान्तिकारीले जितेको छ । खुला सदस्यतर्फ नेविसंघ र अनेरास्वविवु प्यानलका ४ - ४ जना विजयी भएका छन् ।

मेची बहुमुखी क्याम्पसमा अनेरास्वावियुले सभापति र सचिव जित्दा कोषाध्यक्ष भने नेविसंघले पाएको छ । त्यहाँ अनेरास्वावियुले दुई वटा खुल्ला सदस्य जित्दा नेविसंघले पाँच वटा सदस्य पद जितेको छ।

बिर्तामोडस्थित कन्काई आदर्श क्याम्पसमा नेविसंघको सिंगो प्यानल नै विजयी भएको छ । त्यस्तै बिर्तामोडको अर्को क्याम्पस इन्द्रचन्द्र क्याम्पसमा स्वविवुका सम्पूर्ण पदाधिकारीसहित चारवटा सदस्य पद नेविसंघले जित्दा अनेरास्वावियुले दुईवटा सदस्य पद मात्र जितेको छ ।

त्यस्तै बुद्धशान्तिस्थित सीतारमेश बहुमुखी क्याम्पसमा भएको स्वविवु निर्वाचनमा अनेरास्वावियुले सभापति र सचिवसहित दुईवटा सदस्य पद जितेको छ भने कोषाध्यक्षसहित तीनवटा सदस्य नेविसंघले पाएको छ । त्यस्तै मेचीनगरको

❖ बाँकी अन्तिम पृष्ठमा

## मेची क्याम्पसमा तालाबन्दी



झापा(प्रस)। भद्रपुरस्थित मेची बहुमुखी क्याम्पसको मतगणना स्थलमा तालाबन्दी गरिएको छ ।

नेपाल विद्यार्थी संघ,अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) र स्वतन्त्र विद्यार्थी कल्याण परिषद्ले सोमबार मध्यराति १२ बजे मतगणना स्थलमा ताला लगाएका हुन् । ताला लगाएपछि उनीहरूले क्याम्पस परिसरभित्रै कालो झन्डा राखेर नाराबाजी समेत गरेका थिए ।

क्याम्पसको स्वविवु निर्वाचन समितिले खामबन्दी भएको एउटा

❖ बाँकी अन्तिम पृष्ठमा

## दमक क्याम्पसमा नेविसंघका न्यौपाने विजयी



दमक(प्रस) । दमक बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा नेपाल विद्यार्थी संघ विजयी भएको छ ।

सोमवार राति १०.४० बजे सम्पन्न अन्तिम मतपरिणाम अनुसार सभापतिमा नेविसंघका सोबिम न्यौपाने १०४३ मत ल्याई विजयी भएका हुन् ।उनका प्रतिद्धन्दी नेकपा एमालेनिकट अनेरास्वावियूका केन्द्रीय सदस्य समेत रहेका निशेष राईले ९३४ मत प्राप्त गरेका थिए । योसंगै नेविसंघ विगत तीन पटकको स्वविवूमा आफनो जीतलाई कायम राख्न सफल भएको छ ।निर्वाचन अधिकृतको कार्यालयका अनुसार स्वविवू सचिव पदमा नेविसंघका दिपक लिम्बू १०५७ मत ल्याई विजयी भए भने उनका प्रतिद्वन्द्वी अनेरास्वियूका रबिन ढकालले ८४१ मत प्राप्त गरे । कोषाध्यक्षमा भने अखिल क्रान्तिकारीकी उमा राई विजयी

❖ बाँकी अन्तिम पृष्ठमा

## नगर अस्पताललाई मेडिसिन ट्रली सहयोग

बिर्तामोड(प्रस) । बिर्तामोड नगर अस्पताललाई मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल बिर्तामोडले मेडिसिन ट्रली सहयोग गरेको छ ।

फागुन २० गतेदेखि नयाँ भवनबाट सेवा सुरु गरेको बिर्तामोड नगर अस्पतालका लागि मनमोहन अस्पतालले मंगलवार २ थान मेडिसिन ट्रली (क्रास कार्ट) सहयोग गरेको हो ।

मनमोहन अस्पतालका सूचना अधिकृत कमल भट्टराई र डिल्लीराम आचार्यले नगर अस्पतालमा पुगेर नगरप्रमुख पवित्रा महतारा प्रसाईलाई ९० हजार रुपैयाँ मूल्य पर्ने ट्रली हस्तान्तरण गरेका हुन् ।

बिर्तामोड नगर अस्पताल सञ्चालनमा सहजताका लागि विभिन्न सहयोगी संघसंस्थाहरुबाट स्वास्थ्य सामग्री तथा उपकरण सहयोग उपलब्ध हुँदै आएको छ ।यसअघि रोटरी क्लब बिर्तामोडले ६ वटा डायलासिस मेसिन अस्पताललाई सहयोग गरेको थियो ।

## पाथीभरा दर्शन गरेर फर्किने क्रममा मृत्यु

झापा(प्रस) । पाथीभरा दर्शन गरेर फर्कने क्रममा मंगलबार माथिल्लो फेदीमा एक महिलाको मृत्यु भएको छ ।

झापा बिर्तामोड-२ चारपानेकी ४७ वर्षीया शिवमाया गौतमको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका सूचना अधिकारी प्रहरी निरीक्षक कुशराम कार्कीले जानकारी दिए । नन्द, भान्जा र अरु तीनजना साथीहरुसंगै पाथीभरा दर्शन गर्न गएकी उनी सोमबार बिहान मन्दिर पुगेर बेलुका माथिल्लो फेदी फर्किएकी थिइन् । ३१ सय मिटर उचाइको माथिल्लो फेदीको होटलमा बास बसेकी उनी बिहान शौचालय गएकी थिइन् । लामो समयसम्म नफर्किएपछि नन्दले खोजी गर्दा शौचालयमै लडेको अवस्थामा भेटाएको कार्कीले बताए । स्थानीय स्वास्थ्यकर्मी उमानाथ पौडेलले परीक्षण गर्दा मृत्यु भइसकेको पाइएको बताएका छन् ।




# संविधानसभा सदस्य विमलीको निधन



झापा(प्रस) । नेपाली कांग्रेस तेह्रथुमका पूर्वजिल्ला सभापति तथा संविधानसभा सदस्य गणेशप्रसाद विमलीको ७४ वर्षको उमेरमा सोमवार राति भारतीय भूमिमा निधन भएको छ ।

कांग्रेस महासमिति सदस्यसमेत रहेका विमलीको भारतमा उपचार सम्भव नभएपछि घर ल्याउने क्रममा बाटोमै निधन भएको उनका छोरा कुलदीप विमलीले जानकारी दिए ।

विमलीलाई एक महिनाअघि फोक्सोमा समस्या देखिएपछि उपचारका लागि भारतको नयाँदिल्लीस्थित राजीव गान्धी क्यान्सर इन्स्टिच्युट एन्ड रिसर्च सेन्टरमा लगिएको थियो। विमलीलाई फोक्सोमा जटिलप्रकृतिको क्यान्सर देखिएपछि रिसर्च सेन्टरले उपचार सम्भव नहुने भन्दै सोमबार घर फर्काइदिएको छोरा कुलदीपले बताए ।

घरतर्फ ल्याउने क्रममा भारतीय भूमिमै बुबाको निधन भएको उनले जानकारी दिए । विमलीको पार्थिव शरीरलाई झापाको बिर्तामोड-५ स्थित घरमा लाइपुऱ्याइने र बुधबार झापाको कन्काई नदीमा अन्त्येष्टि गरिने भएको छ ।

आठराई गाउँपालिका ३ ह्वाकुमा जन्मिएका विमली ०३४ सालदेखि नै जिल्लामा नेपाली कांग्रेसको राजनीतिमा सक्रिय रहेका थिए ।

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समयः दैनिक सेवा

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समयः प्रत्येक शनिबार

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समयः प्रत्येक महिनाको पहिलो शनिबार

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समयः दैनिक सेवा

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समयः दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समयः दैनिक सेवा



**डा. धर्मागत भट्टराई**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा प्रतिरक्षा (इम्युनिटि) रोग
DM- Pediatric Clinical Immunology & Rheumatology (PGIMER, Chandigarh, India)
MD- Pediatrics (PGIMER, Chandigarh, India)
Fellowship in Advance Immunology, Allergy & Bone Marrow Transplantation (USA)
MBBS (University of Calcutta, India)
NMC No.- 6516
नेपालको प्रथम एकमात्र बाल इम्युनोलोजिष्ट तथा र्‍यूमाटोलोजिष्ट
इम्युनोकेयर सेन्टर, काठमाडौंबाट
जिवनरक्षा पोलिक्लिनिक, बिर्तामोडमा
DOCTOR VISIT DATE
प्रत्येक महिना
यस पटक फागुन २७ गते, शनिबार

स्वास्थ्य सेवामा सँगसँगै
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
जिवनरक्षा
बिर्तामोड-8, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# माओवादी नेता आङ्बोमाथि आक्रमण प्रयास



झापा(प्रस) । नेकपा माओवादी केन्द्रका कोशी प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोमाथि ताप्लेजुङमा आक्रमणको प्रयास भएको छ ।
प्रदेशको नाम कोशी राखेको भन्दै असन्तुष्ट समूहले मंगलबार ताप्लेजुङ पुगेका आङ्बोमाथि आक्रमणको प्रयास गरेको हो ।
प्रहरीका अनुसार आङ्बो सवार गाडीमा आक्रमण हुँदा सामान्य क्षति पुगेको छ । जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका डीएसपी राजन लिम्बूका अनुसार फुङलिङ बजार आउने क्रममा आङ्बो सवार गाडीमाथि आक्रमण भएको हो ।
बजारभन्दा ७-८ किलोमिटर तल गाडीमाथि ढुङ्गा प्रहार भएको प्रहरीले जनाएको छ । आक्रमण गर्नेको पहिचान नभएको बताउँदै डिएसपी लिम्बूले घटनाको अनुसन्धान भइरहेको बताए ।
प्रदेशको नाम कोशी राखेपछि पहिचानको आधारमा नाम राख्नुपर्ने माग गर्दै आएको जातीय समूह आन्दोलनमा छ । सोमबार एक समूहले ओखलढुंगामा मुख्यमन्त्री हिक्मतकुमार कार्की सवार गाडीमा आक्रमणको प्रयास गरेको थियो ।
मंगलबार पार्टीको कार्यक्रमका लागि ताप्लेजुङको फुङ्लिङ बजार जाने क्रममा आङ्बोमाथि आक्रमण प्रयास भएको हो । आङ्बोलाई आन्दोलनरत पक्षधरले ज्यान मार्ने धम्की दिएका छन् । आन्दोलनरत पक्षले ज्यान मार्ने धम्की दिएको भिडियो भेटिएको छ ।
पूर्वमन्त्री आङ्बोको गाडी पछ्याउँदै मोटरसाइकलमा सवार आन्दोलनकारीहरूले 'इन्द्र आङ्बोलाई बाटो बाटोमा छेकेर हत्या गर्ने योजना रहेको छ' भनेको सुनिन्छ ।
प्रहरीको स्कर्टिङमा रहेको आङ्बोको गाडीलाई मोटरसाइकलमा लखेटिरहेका आन्दोलनकारीले आङ्बोलाई अपशब्दसमेत प्रयोग गरेको सुनिन्छ । सामाजिक सञ्जालमा फैलिएको भिडियोमा आङ्बोको हत्या गर्ने योजना रहेको बोलेको सुनिएपनि बोल्ने व्यक्ति को हुन् भन्नेबारे खुलेको छैन ।

यसैबीच माओवादी नेता आङ्बोले ताप्लेजुङमा आफूमाथि भएको आक्रमण प्रयासलाई स्वाभाविक रुपमा लिएको बताएका छन् । आङ्बोले शान्तिपूर्ण रुपमा गरिने विरोधलाई सम्मान गर्ने बताएका हुन् ।
आङ्बोले यो घटनापछि सामाजिक सञ्जालमा लेखेका छन्, 'जोसँग सबैभन्दा बढी अपेक्षा बिश्वास र भरोसा हुन्छ अपेक्षित परिणाम हासिल नहुँदा उसैप्रति आक्रोश, घृणा, आबेग व्यक्त हुनुलाई मैले स्वाभाविक रुपमा लिएको छु । हामीले ल्याएको यो लोकतान्त्रिक ब्यबस्थामा शान्तिपूर्ण रुपमा गरिने बिरोध असहमतिप्रति मेरो सधै सम्मान रहनेछ । धन्यवाद ।'

# झापामा बढाइयो सुरक्षा निगरानी

झापा(प्रस) । प्रदेशको नामकरणप्रति आपत्ति जनाउँदै आन्दोलन गर्दै आएका असन्तुष्ट समूहको गतिविधिप्रति झापामा सुरक्षा निकायले निगरानी बढाएको छ । सोमवार ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका ११ गोरूमारे भन्ज्याङमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की चढेको गाडीमा उनीहरुले तोडफोडको प्रयास गरेका थिए । आन्दोलनकारीले तोडफोडको प्रयास गर्नुका साथै मन्त्रीको गाडीमा प्रयोग हुने झण्डासमेत झिकिदिएका थिए । कोशी प्रदेश नामांकनको विरोधमा उत्रिएका प्रदर्शनकारीहरूले मुख्यमन्त्रीलाई कालो झण्डासमेत देखाएका थिए । त्यस्तै मंगलवार नेकपा माओवादी केन्द्रका कोशी प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोमाथि ताप्लेजुङमा आक्रमणको प्रयास भएको थियो ।
ती घटनालाई लिएर झापा प्रहरीले सुरक्षा सतर्कता बढाएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी खगेन्द्रप्रसाद रिजालले बताए । उनले झापामा आउने भीआइपीहरुका लागि सुरक्षा व्यवस्था कडा पार्ने निर्णय गरिएको बताए । साथै आन्दोलनकारीका गतिविधिलाई निस्तेज पार्न कडा निगरानी राखिने उनको भनाई छ । कोशी प्रदेश नामकरणको विरोध गर्दै झापामा पनि आदिवासी जनजाति महासंघ झापाको अगुवाईमा प्रदेश नं १ पुनः नामांकन संघर्ष समिति गठन गरी विभिन्न जाति समूहले आन्दोलन गर्दै आएका छन् ।

# बिर्ताबजारमा ब्राउनसुगरसहित एक पक्राउ



झापा(प्रस) । प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित बिर्ताबजारमा एकजना पक्राउ परेका छन् ।
सोमवार दिउँसो २.३० बजे प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपालिका वडा नं.३ स्थित बिर्ताबजार-घैलाडुब्बा भित्री सडकखण्डमा पैदल हिडिरहेका वडा नं २ बस्ने २६ वर्षिय दयालाल राजवंशीलाई शंका लागेर चेकजाँच गर्दा उनको साथबाट १ ग्राम ८०० मिलिग्राम ब्राउनसुगर, नगद ६ हजार ७५० र मोबाईल १ थान फेला परेको थियो । उनलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय बिर्तामोडमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# मजदुर संघको अध्यक्षमा ओली



झापा(प्रस) । नेपाल यातायात मजदुर संघ झापाको अध्यक्षमा यादव ओली निर्वाचित भएका छन् ।
संघको गत माघ २९ गते ७ औं जिल्ला अधिवेशन भएको थियो । तर, बन्दसत्र हुन सकेको थिएन । रोकिएको संघको मंगलबार बिर्तामोडस्थित नेपाली काग्रेंसको पाटी कार्यालयमा भएको बन्दसत्रबाट अध्यक्षमा ओली सर्वसम्मत भएका हुन् ।

त्यस्तै उपाध्यक्षमा बालकृष्ण श्रेष्ठ, महिला उपाध्यक्ष बिष्णु लुईंटेल शिवाकोटी, सचिवमा देवनारायण ढुंगाना, सह-सचिवमा बिशाल तामाङ मोक्तान र कोषाध्यक्षमा प्रेम श्रेष्ठ सर्वसम्मत चयन भएका छन् । त्यस्तै संघको सदस्यहरुमा गाविन्द तामाङ, कमल राई, तुलसीप्रसाद दाहाल, इन्द्र श्रेष्ठ चयन भएका छन् । एक जना काँकरभिट्टा इकाइबाट सदस्य थपिने जनाइएको छ ।
अन्य ४ जना सदस्य अध्यक्षले मनोनित गर्ने प्रावधान रहेको छ ।कार्यक्रममा ट्रेड युनियन काग्रेस झापा अध्यक्ष यज्ञप्रताप अधिकारी, नेपाल यातायात मजदुर संघ कोशी प्रदेश अध्यक्ष पूर्ण प्रधान, केन्द्रीय उपाध्यक्ष हरि थापा, नेपाल चिया बगान श्रमिक संघ केन्द्रीय अध्यक्ष दिपक तामाङ, संघका निवर्तमान अध्यक्ष गान्धीप्रसाद भण्डारीलगायतले ओलीसहितका पदाधिकारीलाई सफल कार्यकालको शुभकामना दिएका थिए ।
ट्रेड यूनियन कांग्रेससंग आबद्ध संघमा ५ सय ५० यातायात मजदुर रहेको जनाइएको छ ।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष यादव ओलीले आफ्नो कार्यकालमा यातायात मजदुरको हक, हित र अधिकारका लागि काम गर्ने प्रतिबद्धता ब्यक्त गरेका थिए ।

## दमक...

बनेकी छन् । उनले १०५७ मत पाउँदा उनका प्रतिद्वन्द्वी रबिन अधिकारीले ८५७ मत पाएकाछन् । यसैगरी, खुला सदस्यतर्फ दुवै प्यानलका ४ - ४ जना विजयी भएका छन् । नेविसंघ प्यानलबाट सायन राई (१००४ ), हेमन्त सिटौला (९४८ ) ,सविन गौतम (९६९ ) र हिमांसु जयसवाल (९४७ ) मत ल्याई विजयी भए भने अनेरास्ववियू प्यानलबाट संजय राई (९२३ ), अनिस राई (९४६ ), भिष्महाङ सम्बाहाम्फे (९१९ ) , निसाम अधिकारी ( ९२९ ) विजयी भएका छन् ।क्याम्पसमा ३३ सय ८ मतदाता रहेकोमा २ हजार ५२ मत खसेको थियो ।

निर्वाचनमा नेविसंघसहित जसपाको समाजवादी विद्यार्थी युनियन, नेकपा (एकिकृत समाजवादी ) निकट अनेरास्ववियु ,अनेरास्ववियु अखिल छैठौ र नेकपा (विप्लव ) निकटको अनेरास्ववियु (क्रान्तिकारी ) को संयुक्त गठबन्धन थियो भने एमाले अनेरास्ववियूहित माओवादी निकट अखिल, राप्रपा निकट राप्रविसंगठनवीच गठबन्धन बनेको थियो ।

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेशको

१५ दिने सूचना

सधियार दक्षिणः चन्द्र प्रसाद शिवाकोटी को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ७ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री कुन्ता देवी आचार्यले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-३ | १७९-०२०० | ३५३ | १५६.२५ | २०७९/१०/२२ | २०७९/१०/२२ | २०७९/१२/०५ |

## मेची...

मत बदर गर्नुपर्नेमा गणना गरेको र समानुपातिकतर्फको मतगणना गर्दा तीनवटा विद्यार्थी संगठनको प्रतिनिधिबिना सुरू गरेको भन्दै विद्यार्थी संगठनहरूले मतगणना स्थलमा ताला लगाएको नेविसंघका नेता भुवन बुढाथोकीले जानकारी दिए ।
असन्तुष्ट बनेका विद्यार्थी संगठनले खामबन्दी भएको मत कुनै पनि हालतमा गणना गरिनु हुँदैन र बराबरी भएको खुला सदस्य पदको नतिजा गोला प्रथाबाट टुङ्गो लगाउनुपर्ने भन्दै निवेदन लिएर जाँदा निर्वाचन समितिले तीनवटा संगठनका प्रतिनिधिको उपस्थिति बेगर समानुपातिकतर्फको करिब २०० मतगणना गनिसकेको भेटाएपछि आफूहरुले बाध्य भएर तालाबन्दी गर्नु परेको विद्यार्थी नेता बुढाथोकीले बताए ।

राति १२ बजे लगाइएको ताला अझै खुलेको छैन । विवाद उत्पन्न भएपछि स्वविवु निर्वाचन समितिका निर्वाचन अधिकृत डा.कृष्णप्रसाद भट्टराईले मंगलबार बिहान सूचना जारी गर्दै वार्ताका लागि आह्वान गरेका छन् । बुधबार बिहान ११ बजे सबै विद्यार्थी सङ्गठनहरूसँग वार्ता बस्ने भनी सूचनामा उल्लेख गरिएको छ । स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको अन्तिम मतगणना नतिजा सार्वजनिक गर्ने क्रममा खुला सदस्य पदका उम्मेदवार अनेरास्ववियुका प्रन्सल मगर र नेविसंघका विवेक तामाङको मत बराबरी आएको थियो ।

दुवै जनाले ९१४/९१४ मत ल्याएका थिए । सोमबार मतदानको क्रमको अमृतबहादुर थापा नाममा दुई पटक मतदान भएको थियो । एउटा मत खामबन्दी गरी राखिएको थियो । खामबन्दी मतको विवाद समाधान नहुँदै निर्वाचन समितिले सो खाम खोल्दा अनेरास्ववियुका मगरले मत पाएका थिए । मगरले मत पाएपछि उनलाई विजयी घोषणा गरिएको थियो ।

## झापामा...

त्रिदेव क्याम्पसमा नेविसंघले सभापति , सचिव र दुईवटा सदस्य पद जितिरहँदा अनेरास्ववियुले कोषाध्यक्षसहित पाँचवटा सदस्य पदमा विजय हासिल गरेको छ । शनिश्चरे बहुमुखी क्याम्पसमा नेविसंघ नेतृत्वको गठबन्धनको प्यानल विजयी भएको छ । गठबन्धनका तर्फबाट नेविसंघले सभापतिमा जित्दा सचिव अखिल क्रान्तिकारीले पाएको छ । त्यस्तै कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाको स्वविवु सभापति अनेरास्ववियुले जितेको छ । त्यहाँ सिंगल प्यानल बनाएर निर्वाचन लडेको अनेरास्ववियुले सभापति , कोषाध्यक्ष र पाँचवटा सदस्य पद जितेको छ भने गठबन्धन बनाएर निर्वाचन लडेको नेविसंघले सचिव र एउटा सदस्य पदमात्र जितेको छ । त्यस्तै गौरीगञ्ज बहुमुखी क्याम्पस र गौरादह कृषि क्याम्पसमा अनेरास्ववियुको प्यानल नै विजयी भएका छन् । जिल्लाका १३ वटा क्याम्पसमध्ये चैत ५ गते १० वटामा निर्वाचन भएको हो । काँकडभिट्टा बहुमुखी क्याम्पस र गौरादह बहुमुखी क्याम्पसमा निर्वाचन हुन बाँकी रहेको छ । गरामनी क्याम्पसमा अनेरास्ववियु निर्विरोध निर्वाचित भएको क्याम्पस प्रशासनले दावी गरिरहँदा अन्य विद्यार्थी संगठनहरुले त्यसलाई स्वीकार गरेका छैनन् । क्याम्पसमा अन्य विद्यार्थी संगठनहरुले लगाएको तालाबन्दी यथावत रहेको छ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
भद्रपुर ,झापा

सूचना सूचना सूचना

' स्वास्थ्य र दिर्घायुको आधार आयुर्वेद चिकित्सा उपचार '
रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै बेस हो यसको लागि स्वस्थकर जीवनशैलीको पालना गरौं ॥
(१) सूर्योदय हुनुभन्दा ४८ मिनेट अगाडी उठ्ने बानी बसालौ ।
(२) बिहान खाली पेटमा १/२ गिलास मनतातो पानी पिउने गरौं।
(३) दैनिक ३०-४६ मिनेट योगाभ्यास तथा ध्यान गर्ने गरौं ।
(४) ऋतु अनुसारको खानेकुरा खाने गरौं ।
(५) दैनिक ५ ग्रामभन्दा बढी नुनको सेवन नगरौ ।
(६) खानामा सागसब्जी तथा दुधदही घ्युको सेवन गरौं ।
(७) राति ७-८ घण्टा सुत्ने गरौं ।
(८) सकारात्मक सोचको विकास गरौं ।
(९) तनावबाट मुक्त रहौं ।
(१०) दैनिक जडीवुटी चियाको सेवन गरौं ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजना
परियोजनाको कार्यालय, कनकाई न.पा.-१,जामुनवाडी, झापा

बोलपत्र आव्हानको सूचना

सूचना प्रकाशन भएको मितिः२०७९/१२/०८
शिलबन्दी बोलपत्र आव्हानको सूचना नं. **02/NCB/G/NGP/RICE/2079/080**

कनकाई नगरपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारी तथा अभियान नेपालको सहजिकरणमा कनकाई नगरपालिकामा सञ्चालित साझेदारीमा कृषि तथा पशु उद्यमशीलता विकास परियोजनामा आवश्यक **गुणस्तरीय पहिलो पुस्ताको धानको बीउ** सार्वजनिक खरिद ऐन, २०६३को दफा ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४को नियम३१ बमोजिम राष्ट्रियस्तरको खुल्ला बोलपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक योग्य फर्म,कम्पनी वा संस्थालाई यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

**बोलपत्रको विवरण**

| क्र. सं. | सामाग्रीको नाम | परिमाण | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र मान्य हुने अवधि | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | गुणस्तरीय पहिलो पुस्ताको धानको बीउ | राभधान-२९३०४ के.जी. रञ्जित-२१००० के.जी. वि.वि.११-६३६४ के.जी. सर्ना(सोना)-३२०० के.जी. | १००,०००/– | ३०००/- | ९० | २०८०/०१/०७ कार्यालय समय भित्र | २०८०/०१/०८ गते दिनको १२बजेभित्र | २०८०/०१/०८गते दिनको१बजे |

१.बोलपत्र खरिद गर्न चाहने इच्छुक योग्य बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी कागजात यस साझेदारीमा कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको कार्यालय,कनकाई नगरपालिका -१,जामुनवाडी,झापाबाट लिखित निवेदन पेश गरी मिति२०८०/०१/०७गते सम्म कार्यालय समयभित्र प्राप्त गर्न सक्ने छन्।त्यस्तो निवेदनको साथमा कम्पनी/फर्म/व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,करचुक्ताको प्रतिलिपि र बोलपत्र सम्बन्धी कागजातको दस्तुर अभियान नेपाल,नेविल बैंक,विर्तामोड शाखामा रहेको खाता नं.२१०१०१७५००२४५मा जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ।
२. बोलपत्र सम्बन्धी कागजात तथा प्राबिधिक स्पेसिफिकेसन लगायतका विषयमा छलफल गर्न मिति२०७९/१२/२८गते दिनको १बजे यस कार्यालयमा पूर्व-बोलपत्र बैठक आयोजना हुनेछ।
३.शिलबन्दी गरिएको बोलपत्र मिति२०८०/०१/०८गते दिनको १२ बजेभित्र साझेदारीमा कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको कार्यालय,कनकाई नगरपालिका -१,जामुनवाडी,झापामा पेश गर्नुपर्नेछ।उल्लिखित समयभन्दा ढिलोगरी प्राप्त बोलपत्र स्वीकार गरिने छैन।बोलपत्रको साथ कम्तिमा रु.१००,०००/-अक्षरेपी(एक लाख मात्र )को बोलपत्र जमानत वा माछापुछ्रे बैंक लि.सुरुङ्गा खाता नं.१५००९९०६२२५०००१६मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नुपर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अबधि बोलपत्र खोलेको मितिबाट कम्तिमा पनि१२०दिन बढी हुनुपर्नेछ।
४.तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहने बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा साझेदारीमा कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको कार्यालय,कनकाई नगरपालिका -१,जामुनवाडी,झापामा मिति २०८०/०१/०८ गते दिनको १ बजे खोलिने छ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन अन्तिम दिन कायम हुनेछ।त्यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिनेछ।
६. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस साझेदारीमा कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको कार्यालय,कनकाई नगरपालिका -१,जामुनवाडी,झापामा सुरक्षित रहनेछ।
७. बोलपत्र कागजात पेश गर्दा ल्याब टेस्ट रिपोर्ट ,लट नं खुलाउनुपर्ने र नगरपालिकाको विभिन्न वडाहरुमा ढुवानी (लोड/अनलोड) गर्नुपर्ने छ ।
८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**बोलपत्र** सम्बन्धी **अन्य जानकारीका लागि** साझेदारीमा कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको कार्यालय,कनकाई नगरपालिका -१,जामुनवाडी,झापा**ngp.kankai@gmail.comमा सम्पर्क गर्न सकिनेछ।**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# निर्णयबाट हट्यो सरकार

अन्तत :रासायनिक मलमा दिँदै आएको अनुदान कटौती गर्ने निर्णयबाट सरकार पछि हटेको छ। जुन कदम स्वागतयोग्य छ। यसअघि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको विषयगत समितिले मलमा अनुदान कटौती गर्ने निर्णय गरेको थियो।

त्यो निर्णय रोक्दै सोमबार बिहान प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषदको बैठकले रासायनिक मलमा दिँदै आएको अनुदान यथावत राख्ने निर्णय गरेको हो।

बैठकले रासायनिक मलमा दिँदै आएको अनुदानबारे विस्तृत अध्ययनपछि आवश्यक निर्णय गरी आगामी दिनमा थप व्यवस्थित र वैज्ञानिक बनाउने निर्णयसमेत गरेको छ।

यसअघि रासायनिक मल आयातमा सरकारले दिने अनुदान रकम घटाएर बजार मूल्य बढाउने निर्णय गरेको थियो। युरिया मलको मूल्य तीन चौथाइले (करीब ७८ प्रतिशत) बढाइएको थियो भने डीएपी र पोटासको मूल्य क्रमशः १६ र २९ प्रतिशतले बढेको थियो। नेपालमा आयात हुने रासायनिक मलमध्ये युरिया मलको हिस्सा ५६ प्रतिशत छ। नाइट्रोजन लगायत तत्व हुने धान, मकै जस्ता प्रमुख बालीका लागि युरिया मल प्रयोग हुन्छ। युरिया मलको मूल्य बढ्नेबित्तिकै यस्ता प्रमुख बालीको उत्पादन लागत बढ्न जान्छ, जसले अन्ततोगत्वा बजार मूल्य बढाउँछ।

त्यसैगरी, डीएपी मलको मूल्य प्रतिकेजी ५० रुपैयाँ पुर्‍याइएको थियो, जुन यसअघि ४३ मात्रै थियो। पोटास मलको मूल्य पनि प्रतिकेजी ३१ बाट बढाएर ४० पुर्‍याइएको थियो। नेपालमा कुल आयात हुने रासायनिक मलमध्ये डीएपीको हिस्सा ४२ प्रतिशत र पोटासको हिस्सा दुई प्रतिशत छ। डीएपीमा हुने नाइट्रोजन र फोस्फरस तत्व कैयौं प्रकारका बालीका लागि आधारभूत पोषक तत्व हो।

नेपालमा वार्षिक ५ लाख २० हजार मेट्रिक टन रासायनिक मलको माग छ। तर, मागअनुसार रसायनिक मलको आपूर्ति नहुँदा हरेक वर्ष खेतीपातीको मौसममा मलको हाहाकार हुँदै आएको छ। अनुदान दिइएको मल आवश्यकताअनुसार उपलब्ध नहुँदा किसानले कमसल मल महंगोमा किन्नुपरेको बाध्यता रहेको छ। अनुदान दिइएको मल कालोबजारी हुने गरेको छ। चालू आर्थिक वर्षका लागि ३ लाख ३१ हजार ५०० मेट्रिक टन आयातको सम्झौता भएकोमा अहिलेसम्म २ लाख ३७ हजार ५०० टन आयात भइसकेको र बाँकी ९४ हजार टन मल आयातको क्रममा रहेको मन्त्रालयले जनाएको छ। यो परिमाणले पनि आगामी मुख्य सिजन धानबालीको लागि ९० हजार मेट्रिक टन रासायनिक मल अपुग हुने आकलन गरिएको छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# विगतमा झाक्दा



• इशान कोच

आजको यो युग भागदौडले भरिएको छ। सबै जना आ-आफ्नो करियर बनाउने होडमा व्यस्त छन्। हुन त, यो आजको एक आवश्यकता पनि हो। किनकि आजको समयमा कोही पनि साथीभाइ, इष्टमित्र,पारिवारिक कुलकुटुम्ब भेट भइहालेमा"खबर के छ?"भनी सोधपुछारी गर्नु/गरिनुको सट्टा "कहाँ के गर्दैछस् ?, कति कमाउँदैछस् ?"भनेर वचन प्रहार गरी सम्बोधन गरिएको पाइन्छ। यदि राम्रो जागिर अनि राम्रो सेलेरी भन्न नसकिने हो भने कताकता आफूमा एक किसिमको हिनताबोध भएको महसुस हुन पुग्छ। समयको माग भन्नु या अपरिहार्यता, पैसा अनि पोस्टको पछाडि सकी नसकी दौड्नु नै पर्ने बाध्य भएका छौँ हामी।

अन्य मानिसझैँ म पनि आफ्नै निजी जीवनमा रुमलिएर अस्त-व्यस्त नै थिएँ। तर मनमा भने एक किसिमको बेचैनीले सँधै नै सताइरहेको थियो। जसोतसो गरेर जीवनलाई ट्र्याकमा ल्याउन त सफल भएँ तर, मन भने भित्रभित्रै असन्तुष्टिले खाइरहेको थियो। अब गर्ने त के गर्ने? कि खायो, काममा गयो, कामबाट फर्केर फेरि खायो र सुत्यो मात्र हो बाँकी जीवन ?यही प्रश्नले मनमा गाँठो कस्यो। कताकता मनमा कति कुरा गुम्सिएर पाकेजस्तो लाग्यो। हो, त्यहि क्षण हाम्रो समाजप्रति मेरो ध्यानाकर्षण भयो। हाम्रो समाज यानी 'राजवंशी' समाज। अहिलेको केटाकेटीहरूमा एउटा बोली प्रख्यात छ, 'प्राउड टु वि राजवंशी'। एकछिन त सोचमा परेँ कि आखिर उनीहरूको मस्तिष्कमा यो सोचको विकास कसरी भए होला त ?हिजोसम्म आफ्नो भाषा बोल्दा पनि हिनताबोध महसुस गर्ने उनीहरूको धारणा आज आएर कसरी एकाएक परिवर्तन भए होला त ? कि यो केवल एक सामाजिक सञ्जालको होडमात्र हो त? एकपछि अर्को गर्दै अनेकौं प्रश्नहरू मनमा उन्न थालेँ तर मसँग उत्तर थिएन। कसैलाई सोधौँ कि भनेर सोचेँ, तर कसलाई ?यहाँ त हरकोही आ-आफ्ना निजी स्वार्थपूर्तिमा मात्र लिप्त देख्छु। समाजमा कहलिएका अग्रजहरू नै अलग-अलगग्रुप अनि गुठीमा विभाजित छन्। मेरो मनले कसैमाथि विश्वास गर्न इङ्गित गरेन। अन्त्यमा स्वयं नै सोच्न बाध्य भएँ।

आज हामी जुन परिवेशमा आइपुगेका छौँ,त्यही परिवेशको समाजको विभिन्न विकासका चरणहरूलाई चार भागमा बाँडे। पहिलो चरण जसमा भाषा क्रान्ति अनि कोचिला राज्यको लागि पहल भएको थियो। दोस्रो जहाँबाट राजवंशीफलोवर बढ्न सुरु भए।यसमा भाषिक गीत सङ्गीत, कला साहित्यमा संलग्नता एवं भेषभूषाको प्रदर्शनी र विभिन्न संघसंस्थाका उपलब्धीलाई समेट्नुपर्ने तय गरेँ। तेस्रो जब मनमनमा राजवंशीपन विस्तार हुँदै गएको थियो, जसमा भेषभाषाप्रतिको बढ्दो रुचि र गीत सङ्गीत एवं साहित्यमा विस्तार साथै संघसंस्थाका बढ्दो सामाजिक क्रियाकलापहरूलाई राखेँ। चौथो यानी आजको समय जब हामी राजवंशी नामप्रति नै गर्वान्वित भयौं। आज हामी कहाँ छौँ, कति के गर्दैछौँ, मैले भन्नै नपर्ला। यी विभिन्न चरणमा महत्वपूर्ण योगदान दिनुभएको हरेक जनसमुदायप्रति आभार प्रकट गर्दछु। जसको दशकौंको प्रयास अनि लगन आज फलिफाप भएको छ।

मेरो उमेरले आज तेस्रो दशक पार गर्न लाग्दासम्म सम्झन प्रयास गरिरहे कि आखिर कुन चरणबाट म स्वयं पनि राजवंशीपनबाट परिचित भए भनेर। पहिलो चरणमा भएको भाषा क्रान्ति र कोचिला राज्य क्रान्तिले मेरो मनमा त्यो अनुभूति प्राप्त नभएको पाएँ। म दोस्रोमा गएँ। सायद यही चरण हो, जहाँबाट राजवंशी समाजलाई मैले तुलनात्मक रुपमा हेर्न सुरु गरेको थिएँ। सायद यहीँबाट मेरो मनमा राजवंशीपनको विस्तार हुँदै गएको थियो। याद आए ती दिनहरू जब हामी आफ्नै भेषभूषामा सजिएर संस्कृति झल्काउँदै उफ्रन, नाच्न थाल्यौँ। सायद म गलत पनि हुन सकुँला किनकि यो मेरो पर्सनल थिङ्किङ् मात्र हो। मेरो बुझाइमा जबदेखि हाम्रो संलग्नता गीत सङ्गीत अनि साहित्यमा बढ्न सुरु भयो, तत्पश्चात् मात्र होला उनै संगीतको धुनमा, तालसँग ताल मिलाउँदै हामी सांस्कृतिक भेषभूषामा सजिएको अनि तीनका प्रदर्शन कार्यमा बृहत संलग्नता जुटाउन पनि सफल भयौँ। मेरो बुझाईमा यो भयो कि तिनै साहित्यमा रम्दै अनि मधुर संगीतको धुनमा गुनगुनाउँदै भाषाप्रति स्नेह बढ्न गएको थियो त्यो बेला। आभारी छु ती संघसंस्थाहरूप्रति, ती आयोजकहरूप्रति जसको सहयोगले नै हाम्रा ती सम्पन्न झलक बृहत रुपमा प्रस्तुत हुनसके। हाम्रो जातीय संस्कृति, भेषभूषा एवं सम्पदाका बृहत प्रदर्शन र प्रचार उनीहरुकै अथाह प्रयास अनि सहयोगकै कारण त सफल भए।

के यो केवल मेरो विचारधारा हो? के मेरो विचारले वास्तविकताको केही अंशमात्र भएपनि छुन सक्ला त ? भए त ठीकै हो, नभएपनि मलाई के छ र, बालै फरर...। म झनैं सोचमग्न भएँ। तर केही हदसम्म भने अब मेरो मनमा प्रसन्नता छाइसकेको थियो।



यदि म सहि छु भने अब अरू के त? यो प्रश्न उब्जेसँगै म अझ खोतल्न थालेँ। कहाँबाट सुरु गर्ने भन्ने कुरालाई लिएर अन्योलमा थिएँ। किनकि म आफू वर्तमानमा रहेर अतितमा झाक्दै थिएँ। म आफ्नो निजी सन्तुष्टिको परिपूर्तिको लागि विगतमाझाक्दै आफैसँग लड्दै थिएँ। गुगल र युट्युबमा खोजीकार्य जारी थियो। अनेकौ प्रसङ्गहरू भेटिए पनि, तर मेरो यस लेखलाई अगाडि बढाउन भने कुनै एक सरल विषय वा पात्रमात्र पाए पनि पुग्ने थियो।

दिन हप्तामा बदलिए अनि हप्ता महिनामा तर प्रगति भने केही भएन। अचानक मेरो फेसबुक वालमा धेरै जनाले सेयर गरेका एउटा लिङ्क आयो। त्यो लिङ्क भर्खरै रिलिज भएको 'तुइमोर फूलमनी'टाइटल्ड एउटा राजवंशी गीतको थियो। यसैमा मेरो ध्यानाकर्षण भयो। किनकि यहाँ मैले, मेरो लेखलाई अगाडि बढाउन एक मात्र नभई दुई पात्र पाएको थिए। "गोपाल राजवंशी"अनि"बलबहादुर राजवंशी"। कारण सामान्य थियो किनकि आजको दिनमा आएर राजवंशी समाजको साङ्गीतिक क्षेत्रमा नेतृत्व गर्ने सबैभन्दा ठूला नामहरूमध्ये एक नाम"गोपाल राजवंशी"हो भने अर्को अर्को "बलबहादुर राजवंशी"पनि हो। मलाई अझ सहज यो कुराले पनि गरायो कि अडियो क्यासेटको त्यो युगदेखि अहिलेको यस डिजिटल युगमा आइपुग्दा पनि उनीहरूका अधिकांश गीति कृतिहरूमा भने सहकार्य अझै पनि उस्तै नै रहेको पाउन सकिन्छ। अझै पनि दुबै एक अर्काका पूरक जस्तै देख्छु म त। तर मेरो यस लेखनको पहिलो अंशलाई अगाडि बढाउन भने मलाई केवल एक पात्रमात्र भएपनि पुग्ने थियो। त्यसैले मैले सुरुवात"गोपाल राजवंशी" बाट गर्ने निर्णय गरेँ।

पछिल्लो समय राजवंशी समाजमा"गोपाल राजवंशी" केवल एउटा नाममात्र नभई एउटा ब्रान्ड नै बन्न सफल भएको छ, राजवंशी भाषिक साङ्गीतिक क्षेत्रमा"वरिष्ठ रचनाकार गोपाल राजवंशी"। वर्षेनि रिलिज हुनेमध्ये सर्वोत्कृष्ट गीति रचनाहरूमा अधिकांश उनका रचनाहरू नै समावेश हुने गर्दछन्।

तत्पश्चात् मेरो लेखको पात्र त तयार भयो तर सुरु कहाँबाट गरूँ भन्ने अन्योलमा परेँ। मलाई याद आयो गोपाल राजवंशीको रचनामा भएको त्यो अडियो म्युजिक एल्बम सिडि जसबाट यहाँ म मात्र होइन, सायद पूरा समाज नै प्रभावित भएका थियौँ, त्यो हो- "बेदना"। मलाई लाग्छ हिजोकै दिनमा गरेको भएपनि आजको परिवेशलाई समेत छुने गरी तयार पारिएको रहेछ 'बेदना'एल्बम। समयले परिवर्तनका नाममा विशाल छालहरु पार गरिसक्दा पनि यसका केही गीत त आजको युवाहरूमा समेत अझै गुन्जने गरेको पाउन सकिन्छ।

आधुनिकताले छोइसकेको नयाँ पुस्ताका युवा वर्ग एवं बालबालिकाहरू त्यो बेला फरक फरक जोनरका बलिउड, इङ्लिस र नेपाली गीतहरू मात्र सुन्नमा अभ्यस्त भएका थिए। यता राजवंशी लोकभाका, लोक नृत्यहरू जस्तै 'गाउन', 'ढुल्की' 'हुदुरधुरा'आदि इत्यादिमा घट्दो रुचिको एक प्रमुख कारण भाषामा असमानता थियो। गाउँघरमा पनि नेपाली र इङ्लिस पढ्न र बोल्न बढी जोड दिइएकाले पनि होला भाषा नै बुझ्न गाह्रो भएपछि त्यो अवस्था आएको बुझ्न सकिन्छ। त्यसैले त्यो परिवेशमा परिवर्तनको एकदम खाँचो थियो। केही नयाँपन भित्र्याउन पनि जरुरी हुनगयो। हाम्रो भाषामा देखिएको असमानताको कारणले निम्त्याएको समस्याको समेत न्यूनीकरण जरुरी थियो। हामीलाई त्यस्ता शब्द, संगीत र स्वरमा गीतहरू चाहिएका थिए ,जुन बुझ्नमा सरल, भावमा गहन र सुन्दा मधुर लाग्ने होस्। हो यी सबैको संगम बन्न पुग्यो 'बेदना'। म आभारी रहनेछु ती सम्पूर्णप्रति जो जो पनि यस म्युजिक अडियो एल्बम निर्माणमा खटिनु भएको छ। यसले भविष्यतर्फ एक कदम चालेर समाजमा गुम्दै गरेको आत्मीयपन फर्काउन पक्कै पनि ठूलो मद्दत पुग्ने छ।

"काहाए छोक तोर आप्नार रे मन,
काहाए तोर मित...
छरिए दे देहा मोर, त्यागिए दे प्रित"

'बेदना' के हो त?असलमा भन्नुपर्दा मेरो मनमा यो प्रश्न नउब्जेसम्म मलाई म स्वयंलाई पनि कुनै आइडिया थिएन। गहन भएर बुझ्न खोजेँ। मैले त दुई-चार जनालाई सोधेँ पनि। सबैले आ-आफ्नै बुझाइमा जवाफ दिए। 'बेदना'लाई सरलमा भन्नुपर्दा पीडा हो। 'बेदना'मनको गहिराइमा बल्झेको घाउ हो। 'बेदना'मनमा चोट अनि पीडाको सागर हो। बेदना हृदयको रोदन हो। यसरी फरक फरक निष्कर्षहरू मैले जवाफको रुपमा पाएँ। 'बेदना'बुझ्न जति गहन भएता पनि शाब्दिक खेल र सङ्गीतको संगमले यस एल्बमलाई सहजै स्वीकारोक्ति मिल्न गयो। 'काहाए छोक आप्नार रे मन'बोलको पहिलो गीतले नै हृदयभित्रका ती अथाह चित्कारले भरिएका भावहरूबाट परिचित भए भने 'देख्ते देख्ते आझि' र 'जलेचे जलेचे' दुई गीतहरूले हृदयका घाउहरूलाई कोट्याइदिए। 'तुइ मोर जीवन'बोलको गीतले प्रेमको गहिराइ खुलाइदियो। बाँकी तीन'ओ गे माइ एलिशा', 'हे काल चेंग्री गे' र 'गौरीगञ्जेर बजारत'बोलका गीतहरूका चुट्के ताल र चुट्के भावले मनमनै नाच्न उत्साहित नै बनायो। अहिले आएर निष्कर्ष निकाल्नुपर्दा त्यति बेला हरकोहीको लागि यो म्युजिक एल्बम सिडि एउटा कम्प्लेट प्याकेज भइदियो। किन कि यसमा माया प्रेमका कुरा थिए, यसमा बेदनाका सागर थिए, सँगसँगै यसमाचिलआउट हुन चाहिने धमाकेदार नाच्ने अनि झुमाउने गीतहरू पनि समावेश थिए।

ममा अब पर्खने धैर्यता बाँकी रहेन। मैले लगतै गोपाल राजवंशीद्वारा रचित बेदनाको दोस्रो भाग"बेदना-२"एल्बमलाई एकरूप भइ सुन्दै गएँ। सारा गीत सकिन्थे, म पुनः लाउथे। यो चक्र छ/सात पटक चल्यो होला। अचम्भित भएँ। टिकटके चटकले प्रभावित अहिलेको युगमा मान्छेहरू त मिनटमै चार-पाँच वटा फरक स्रोतहरू खोज्ने गरेका हुन्छन्। अहिलेको यो फास्ट फरवार्ड युगमा पनि लगातार म्युजिकको एक-एक बिट सुन्न सक्ने धैर्यता कहाँबाट पलायो कुन्नि ममा। सायद यो मेरो स्रोतको विषय भएर पनि हुन सक्छ, मेरो खोजीको विषय भएर हुन सक्छ। त्यतिबेला मेरो मातृभाषाप्रतिको लगाव महसुस गर्दै थिएँ। म आफ्नो स्वभावमा, मेरो सोचमा, मेरो धारणामा, मेरो बोलीमा अनि मेरो व्यवहारमा त्यो बदलाव महसुस गर्दै थिएँ।

"पूरूवे सकाले सूरूज हाँसिए उठिचे
रङचङ बागाने फूल भफ्लिए फूटिचे
तोरबिना रहिबेना जीवन मोर
कल्पेचे कल्पेचे मन मोर कल्पेचे"

वाह ! शब्द समायोजनमा अभूतपूर्व साहित्यिक रसको अनुभूति भयो। जतिपटक सुने नि धित नमर्ने। शब्द-शब्द बुझि गए त झन्...गोपाल राजवंशीलाई मनैमन नमन गर्न पुगेछु।

प्रेम के हो?
प्रेम एक कविको काव्य हो। प्रेम एक शायरको शायरी हो। प्रेमलाई उनीहरु लेखेर बयान गर्दछन्।
प्रेम एक सङ्गीतकारको मिठो गीत हो। प्रेम एक गजलकारको मधुरगजल हो। प्रेम त्यो मधुर स्वर हो जुन उनीहरुका मनमा हरबेला गुनगुनाउने गर्दछ।
प्रेम भाव हो। प्रेम भावना हो। प्रेम पूजा हो। प्रेम साधना हो।
प्रेम अर्पण हो। प्रेम समर्पण हो।
प्रेम सागर हो। प्रेम महासागर हो।
हैन ! हैन ! प्रेम त महासागरभित्रको पनि महासागर हुने रहेछ,किनकि महासागरको गहिराई बरु नापिएला, तर प्रेम नाप्नै सकिन्न।

वाह गज्जब ! यो गीतलाई सबैले आ-आफ्नै हिसाबले बुझेका होलान्। मैले पनि मेरो हिसाबले बुझेँ। विचारमा शुद्धता भए कुरा जता लगे नि निष्कर्ष त एउटै हुने हो, हैन र ?यो गीत मैले पहिला नै नसुनेको पनि हैन, तर किन हो कुन्नि अहिले सुन्दा बिल्कुलै फरक महसुस गर्दैछु। अरूको कुरा त भन्न सक्दिनँ, तर पर्सनली भने म यो गीतबाट अब अति नै प्रभावित भएको छु। धेरैले त प्रेमको असल परिभाषा समेत जानेका छैनन् यहाँ। वास्तवमा बुझ्नुपर्दा हाम्रा सच्चा लगावका विषयवस्तु, काम कुरा या त प्राणीहरू नै हाम्रा प्रेम भएको थाहा पाएँ। मानिसहरू कुनै पनि काम कुराहरूप्रति यदि सच्चा लगाव राख्न सके, त्यसको प्राप्तिका निम्ति पक्कै पनि हरेक मुम्किन कोशिस गर्ने थिए, हैन त ?हो, यही त हो प्रेम।

बिगतमा झैँ यसपटक पनि'काहाँर दुख काहाँय जाने', 'कि करिम हाल खेती' र 'मनडत मोर दिए दागा'बोलका तीन फरक गीतहरूका शब्द, संगीत समायोजन र स्वरको प्रभावले फरक फरक तीन खालका मानसिक बेदनाका लहरहरु बहदै गए। कति त रोएका पनि थिए होलान् यी गीतहरू सुन्दा- एक जो व्यवहारमा हारे, दोस्रो जो एक्लो अनि असहाय बने र तेस्रो जो प्रेममा धोका पाए। 'पूरूवे साकाले' बोलको गीतले मेरो भाषिक साहित्यप्रतिको प्रेमलाई अझ प्रगाढ बनाइदियो। यस गीतका एक-एक शब्दले मेरो हृदय प्रफुल्लित हुन थाल्यो। बाँकी 'मञ्जलि गे मञ्जलि' र 'धकधक'बोलका गीतहरूमा त अझै पनि सांस्कृतिक कार्यक्रमहरूमा नाच्ने र नचाउने भइनै रहेको छ।

"ओ मोर प्राण सखी रे, सखी जाचु आझि,
घरबारी छरिए
ना कान्दिस् सखी तुइ, बिदा करेक सुमन हाँसिए !
ओ मोर प्राण स्वामीगो, स्वामी जाचिस् आझि, छरिए देश दुरे
केनडे बुझिबे हिया स्वामी, रहे एख्लाए सुना घरे !!"

आह ! ती उनिएका शब्द, त्यसमा पीडादायी सङ्गीत अनि त्यसमाथि ती भावविभोर युगल गलाको समायोजन ! मैले ठ्याक्कै मुनामदनको कथालाई सम्झेँ। त्यही भाव, सायद उति नै पीडा तर पात्र अनि भाषा भने फरक। मैले आफूलाई रोक्न सकिरहेको थिइनँ, त्यसैले गोपाल राजवंशीद्वारा नै रचित अनि सफलएल्बम 'बेदना'को तेस्रो संस्करण "बेदना भाग-३" का गीतहरू पनि पुनः सुन्न थाले। सुन्ने क्रममा जब 'ओ मोर प्राण सखी रे' बोलको गीत बहन सुरु मात्र के भएको थियो, म स्वयम् नै भावविभोर भई एकछिन त मौन हुन पुगेछु। मुनामदनको कथाको दृश्य मेरा आँखा अगाडि झलझली चल्न थाले। म शिथिल भएँ। मैले यसपटक बेदनाको अर्को परिभाषा भेटेको थिएँ। जहाँ केवल मायामा धोका, सम्बन्धमा फिकापन अनि एक्लोपनको कटकटाहट मात्र नभई बेदनाको अर्को स्वरूप प्रगाढ माया पनि बन्न सक्छ भन्ने थाहा पाएँ। आज आएर मैले यो कुरा पनि थाहा पाएँ कि हाम्रो समाजमा गोपाल राजवंशीलाई नै वरिष्ठ रचनाकारको उपाधि किन दिइएको छ। खुसी छु अनि गर्वान्वित पनि कि हाम्रो समाजको एक महान व्यक्तित्व अनि अनमोल गहनालाई मेरो यस लेखको पात्रको रूपमा पाएको छु।

यस एल्बममा समावेश गीतहरूको कुरा गर्नुपर्दा 'दागा दिए केनङ' र 'तुहे कह मोक'बोलका गीतले बेदनाका उही लहर कायम राख्नमा सफल साबित भए।'मने मने आझि'गीतले एकतर्फी मायाको खुलेर बयान गर्यो भने 'ओ मोर प्राण सखी रे' ले अथाह माया अनि अथाह पीडाको आभास गराएर भावविभोर बनायो। त्यसैगरी 'लदीर सभाङ बाना वर्षा' बोलको गीतले समाजलाई व्यक्तिगत चरित्र निर्माणमा सहयोग पुर्याउन चाहे। यसले प्रकृतिका हरेक अंशहरूका आ-आफ्नै अलग विशेषता रहेको र एक अर्काका लागि कति महत्वपूर्ण छन् भन्ने सन्देश छोडेको छ। साथै अन्तिम एक 'सुन्दरी सुन्दरी' बोलको गीतको चर्चा नै के गरूँ, यसले त अझै पनि हरेक सांस्कृतिक कार्यक्रमहरूकास्टेज हल्लाइनै रहेको छ।

"चानेर चकमके, तारो टिलपिल करेचे
निसुन राते... सिरसिरियाऽ बाऽ चलेचे !
पथहारा दिशाहिन मानुष मुइ,
दुई नयन मोर तहके छाबेचे !!"

हेर्दाहेर्दै म स्वयंलाई बेदनामा डुब्दै नै गइरहेको पाएँ।गोपाल राजवंशीका ती रचनाहरूमा डुबेको महसुस हुन थाल्यो। तर जे भने नि त्यो आभास एकदम आनन्दमय थियो। यस्तो लाग्न थालेको थियो मानौ, मैले मेरै समाजलाई भर्खरै मात्र जान्न थालेको छु। जस्तै कि म कुनै अबोध बालक हुँ। जस्तै मात्र किन म वास्तवमै बालक नै त हुँ। मानिस उमेर बढेर मात्र कहाँ नै पो ठूलो हुन सक्छ र, हैन त ?व्यक्ति जबसम्म आफू स्वयंको आधार, अस्तित्व अनि उद्देश्य जानेर सक्दैन तबसम्म ऊ एक अबोध बालक नै त हो। हो म त्यही पथमा अग्रसर छु। आफू र आफ्नो समाजलाई बुझ्ने कोशिसमा छु। यदि म यसमा सफल हुनेछु भने थोरै श्रेय गोपाल राजवंशीलाई पनि जाँदो हो। थाहै नपाई म बेदनाको चौथो संस्करण "बेदना भाग-४"मापो आइपुगेको थिएँ। त्यो बेला म शब्द-शब्दमा केन्द्रित भएको थिएँ। यस एल्बममा समावेश क्रमशः'चानेर चकमके', 'सबुर धरेना' र 'नुतन नुतन'बोलका गीतहरूले

❖ बाँकी तेस्रो पृष्ठमा

# चौथो ओएस नेपाल म्युजिक अवार्ड हुने




झापा(प्रस) । 'नेपाली गीत, सङ्गीत हाम्रो उच्च सम्मान' भन्ने मूल नारा आयोजना हुँदै आएको ' ओएस नेपाल म्युजिक अवार्ड'को चौथो संस्करण हुने भएको छ ।

ओएस नेपालले विगत ४ वर्षदेखि नियमित आयोजना गर्दै आएको अवार्डको आवेदन खुल्ला गरिएको छ । आयोजकले एक विज्ञप्ति जारी गर्दै अवार्डका लागि आवेदन खुल्ला भएको जनाएको हो । सांगीतिक स्रष्टाहरुको सृजनालाई सम्मान र प्रोत्साहन गर्ने उद्देश्यले आयोजना हुँदै आएको अवार्डमा लोकदोहोरी, पप, आधुनिक, आधुनिक पप, देउडा, काठेलगायत गीत सङ्गीतका ६१ विद्या समावेश गरिएको छ । अवार्डमा २०७८ वैशाख २ गतेदेखि २०८० वैशाख २ गतेभित्र बजारमा आएका गीत, सङ्गीतले सहभागिता जनाउन सक्नेछन् । ओएस नेपालको कार्यालय वा अनलाइनबाट पनि फारम भर्न सकिने अवार्डको मिति र जुरी केही समयपछि सार्वजनिक गर्ने आयोजकले जनाएको छ ।

# विद्यार्थी कुट्ने शिक्षिका निष्काशित



दमक(प्रस) । दमक -३ स्थित अक्सफोर्ड बोर्डिङ स्कूलका एक छात्रमाथि कुटपिट गर्ने शिक्षिका निष्काशित भएकी छन् । दमक ३ निवासी शिक्षिका एलिना न्यौपानेलाई विद्यालयबाट निष्काशन गरिएको हो । अक्सफोड माविको कक्षा १ मा अध्ययनरत छात्र इभान बराललाई शिक्षिका न्यौपानेले गत चैत ३ गते निर्घात कुटपिट गरेकी थिइन् । त्यस विद्यार्थी कुटपिटको घटनालाई सोमवार मिलापत्र गरिएको हो । अबदेखि कुनै पनि विद्यार्थीमाथि यस्ता अमानवीय क्रियाकलाप नहुने ,शैक्षिक रुपले मात्र हैन मानवीय रुपले पनि दक्ष भएका शिक्षक तथा शिक्षिका राखिने ,भावी दिनमा पनि यस्ता कार्य दोहोरिएमा स्कुल ताला लगाईने ,सामूहिक रुपमा शिक्षिकाले माफी माग्ने र शिक्षिकालाई स्कुलबाट बर्खास्त गर्ने सम्झौताका साथ त्रिपक्षीय मिलापत्र भएको हो । पीडित विद्यार्थी इभान बरालका परिवार, महिला शिक्षिका न्यौपाने र विद्यालय प्रशासनबीच सोमबार छलफल भएको थियो ।

# पशु प्रजननसम्बन्धी अन्तरक्रिया



झापा(प्रस) । विज्ञसंग प्राविधिकहरुको पशु प्रजननसम्बन्धी अन्तरक्रिया कार्यक्रम बिर्तामोडमा शुरु भएको छ । बिर्तामोड नगरपालिका पशुपंछी तथा मत्स्य विकास शाखाको आयोजनामा २ दिने अन्तरक्रिया कार्यक्रम मंगलवारदेखि शुरु भएको हो । कृत्रिम गर्भाधान प्रक्रिया (एआई)मा धेरै समस्या आउन थालेका कारण बिर्तामोड र हल्दीबारीका गरी २५ जना पशु प्राविधिकलाई राखेर कार्यक्रमकोआयोजना गरिएको पशुपंछी तथा मत्स्य विकाश शाखा प्रमुख सावित्रा दाहालले जानकारी दिइन् ।

कार्यक्रममा बोल्दै नगर प्रमुख पवित्रा महतारा प्रसाईले किसानले गरेको श्रम खेर जान नदिनका लागि यस प्रकारका समस्या समयमै निराकरण गर्नु पर्ने बताइन् । उनले कार्यक्रममा सिकेको कुरालाई व्यवहारमा उतार्न प्राविधिकहरुलाई आग्रह गरिन् । अन्तरक्रियापछि गोठ- गोठमै पुगेर समस्याका बारेमा पहिचान तथा समाधान गरिने शाखा प्रमुख दाहालले जानकारी दिइन् । सहभागीहरुलाई सिमेन बैंक लहानका डा. शुभनाथ महतो र अधिकृत नगेन्द्रप्रसाद महतोले सहजीकरण गरिरहेका छन् ।

# पाथीभरा क्षेत्रमा दोस्रोपटक हिमपात



झापा(प्रस) । ताप्लेजुङको पाथीभरा क्षेत्रमा दोस्रोपटक हिमपात भएको छ ।

सोमवार राति वर्षासँगै हिमपात भएको हो । सोमबारदेखि वर्षा हुँदा जिल्लाका हिमाली क्षेत्रमा हिमपात हुन थालेको छ । पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतका अनुसार पाथीभरा मन्दिर क्षेत्रमा सामान्य हिमपात भइरहेको छ । उनले भने, "अहिले म पाथीभरा मन्दिर क्षेत्रमा छु । सामान्य हिमपात हुने क्रम जारी छ । मन्दिर क्षेत्रमा दुई फिटको हाराहारीमा हिउँ जमेको छ ।" तीन हजार ७९४ मिटर उचाइ रहेको प्रसिद्ध तीर्थस्थल पाथीभरा क्षेत्रको तल्लो फेदी काफ्ले पाटीसम्मै हिउँ परेको उनले जानकारी दिए । सामान्य हिमपात भएकाले पूजापाठ गर्ने क्रम चलिरहेको छ । अहिले करिब एक हजार पाँच सय भक्तजनले पूजापाठ गरिरहेको समितिले जनाएको छ । उच्च हिमाली क्षेत्रमा निकै बाक्लो हिउँ परेको छ । यस्तै फक्ताङ्लुङ गाउँपालिका-६ लेलेपको घुन्सा, फले वडा-७ ओलाङ्चुङगोला, याङ्मालगायत जिल्लाको हिमाली बस्तीमा एक फिट बढीसम्म हिउँ परेको स्थानीयले बताएका छन् । घुन्साका टाँसी छिरिङ शेर्पाका अनुसार करिब डेढ फिटसम्म हिउँ परेको छ । यस्तै ओलाङ्चुङगोलामा पनि हिउँ परेको स्थानीय तेन्जिङ वालुङ्ले जानकारी दिए । ओलाङ्चुङगोलाकै याङ्मामा भने दुई फिटसम्म हिउँ परेको जनाइएको छ । चार हजार दुई सय मिटर उचाइ रहेको याङ् जिल्लाकै उच्च बस्ती हो । यसैगरी तेह्रथुम, संखुवासभासँगको सीमावर्ती क्षेत्र तथा मैवाखोला गाउँपालिकाको शिर तीनजुरे मिल्के जलजले क्षेत्रमा पनि हिमपात भएको छ । जिल्लाको मिक्वाखोला गाउँपालिका-५ पापुङ, सिदिङ्वा गाउँपालिकाको कालीखोला, सिरिजङ्घा गाउँपालिकाको याम्फुदिन, मामाङ्खे गाउँको उच्च भागमा पनि हिमपात भएको स्थानीयले बताएका छन् । ताप्लेजुङको हिमाली क्षेत्रमा यस वर्ष पहिलोपटक गत फागुन १५ गते हिमपात भएको थियो । गत वर्ष भने पुसको दोस्रो सातादेखि नै हिमपात हुन सुरु भएको थियो । यस वर्ष विगतका तुलनामा खासै हिमपात भएको छैन ।

यस वर्षको हिउँद मौसम बित्न लाग्दा हिमपात र वर्षा भएपछि किसान भने हर्षित भएका छन् । मकैलगायत खाद्यान्न बाली लगाउने समयमा हिमपात र वर्षा हुँदा किसानले राहतको महसुस गरेका हुन् । त्यस्तै नगदे बाली अलैंची, तरकारीलगायतका बालीका लागि पनि हिउँ र वर्षाले राहत मिलेको किसानको भनाइ छ ।

## विगतमा...

त 'युट्युब' 'रिलिज' पछि तहल्का नै मच्चाएका थिए। परिवेश त उही छँदै नै थिए तर प्रस्तुतीमा कलाकारिताको भरपूर सदुपयोग गर्नसके मरुभूमि नै पनि जीवन्त देखिने रहेछ भन्ने कुरा मैले थाहा पाएँ । मैले माने कि एउटा कलाकारले चाहेमा ढुङ्गामा पनि प्राण भर्न सक्दो हो भने आँधिबेरीको वेगलाई पनि शिथिल बनाइदिन सक्ने रहेछ । त्यो अद्भूत आभासलाई सायद मैले लेखेर बुझाउन नसकुँला तर मन यति तृप्त भयो मानौ मरुभूमिमा एउटा प्यासाको तृष्णा मेटिएको हो।

"कल्पनाते, बाठे तोक मुइ पाचु
सपनाते, रातेदिन तहके देखेचु !
थामेचे तहरे ठिना, नयनेर डामाल
प्राण छिस् तुहे, जैखुना सांस मुइ लिचु !!"

शब्द उही साधारण बोलचालमा अत्यधिक प्रयोगमा आउने, तर तिनका समायोजन फरक । फरक समायोजनसँगै तिनले दिने भावमा फरक गहनता । वाह !गोपाल राजवंशीले शब्द समायोजन र साहित्यमा त्यति धेरै गहन अभ्यास गर्नु हुँदो हो सायद।

वर्तमान समय विल्कुल फरक परिवेशमा आइपुगेको थियो। यो डिजिटल युग हो। डाइरेक्ट युट्युबको युग हो। यहाँअडियो कैसेट अनिसिडि-डिभिडी सबै नै लुप्त भइसकेका छन्। मैलेयुट्युबमा "बेदना भाग-५"बाट सार्वजनिक भैसकेका दुई गीतहरु भेटे। 'फेसबुकेर जालत' र 'कल्पनाते'। लाखौंमा'भिउज' समेत बटुल्न सफल यी गीतका सफलताले नै बुझ्न सकिन्छ कि राजवंशी समाजले बेदनासिरिजलाई सुरुवातदेखि नै कति धेरै रुचाएका रहेछन् भनेर।

बेदनाबाहेक पनि गोपाल राजवंशीका अन्य दर्जनौ एल्बम तथा एकल गीति रचनाहरू उति नै लोकप्रिय छन्। खोज्दै जाने क्रममा मैले पाए कि 'मनेर फूल'टाइटल्ड एल्बम त्यो पहिलो एल्बम रहेछ जसमा गोपाल राजवंशीको करियरकै पहिला तीन रचनाहरूः'दादाभाई', 'तुइ जैखुना' र 'चखुसे चखु' समावेश थिए । यसमध्ये 'दादाभाई' बोलको गीतको त शब्द-शब्द पक्कै पनि राजवंशी समाजमा हरकोहीको मुखमा यथावत नै छ होला ! त्यसैगरी एल्बम' याद आसेचे' को रिलिजसँगै यसमा समावेश उनका गीतहरू 'फूलेर महके' 'चन्चल' र 'मन रे' त्यो बेलाखुबै रूचाइएको थियो। एल्बम'तोर बिना'मा पनि'तोर बिना', 'चैत बैसागेर धुपेर चुटे', 'सखीरे', 'ए सुन्दरी' बोलका उनका रचनाहरू उतिकै लोकप्रिय भए भने त्यो बेला 'तोर सङे जीवनमोर' बोलको गीत औधी रुचाइएको थियो जुन कि अझै पनि गुन्जयमान नै छ। उनका अन्य एकल गीति रचनाहरू जस्तैः 'साल बगानेर', ' आइ लव यु कोहोना', 'बेहार ढोल', 'हलुवा, सुनगे चेंग्री', 'टिलपिल', 'मनडत मोर', 'मन मोर', 'जानुना', 'उराते उराते', 'दिलेर धडकन', 'नजरसे तुइ', 'कि कर्नु', 'केनङ माया', 'भमरार गुन्जने', 'तुइमोक फसालो', 'गर गर गाल'आदि इत्यादि बोलका गीतहरूले एकपछि अर्को सफलता हात पार्दै गइरहेका नै थिए भने रचनाकै माध्यमले पुरा समाजलाई नै मौलिक भाषागत सांगीतिक क्षेत्रमा रूचि बढाउनुमा आफ्नो महत्वपूर्ण योगदान पनि दिइरहेका थिए।आज आएर राजवंशी साङ्गीतिक क्षेत्रमा फरक- फरक स्वाद पस्केर सिङ्गो समाजले नै यो क्षेत्रलाई हेर्ने एउटा फरक दृष्टिकोण समेत सेट गर्न गोपाल राजवंशी सफल कहलिएका छन्।

गोपाल राजवंशीका हरेक गीति रचनाहरू अनुसरण गर्न म सदा नै तत्पर रहने गर्छु, किनकि मलाई उनका हरेक रचनाहरुमा एक नवीनतम् भाव प्राप्त भएको अनुभूति हुन्छ । कहिलेकाहीँ त समाजबाटै लुप्त भइसकेका शब्दहरू नवीन स्वरूपमा सिक्ने मौका मिल्छ भने कहिलेकाहीँ चलनचल्तीकै कतिपय साधारणभन्दा साधारण शब्दहरुलाई एक अर्कामा उनेर सुन्दर पाउहरूको निर्माणकला ।_ यसरी यस लेखलाई अगाडि बढाउँदै जाँदा पनि कतिपय विल्कुलै नवीन शब्दहरू सुन्ने र जान्ने मौका पाएँ भने कैयन् शब्दहरू स्मृतिमा पुनः रिकभर हुन थाले। यसै क्रममा कैयौं शब्दहरूलाई त मेरो निजी शब्द कोषमा संकलन गरेर पनि राखेँ,किन कि यस्ता शब्दहरू सामान्य बोलीचालीमा पातलिँदै गइरहेका छन्। थाहा छैन कुन दिन यी शब्दहरु सामान्य बोलीचालीबाट हराएर शब्दकोषमा मात्रै सीमित पो रहने हो कि? यस लेखनकै क्रममा उनका रचनाका कैयौं गीति पंक्तिहरू पनि मेरो निजी'डायरीमा' सुरक्षित गरे। गीतका यी पंक्तिहरुलाई अरुले खै कसरी सुन्छन् वा बुझ्छन् होला त्यो त मलाई थाहा भएन, तर मैंले एक अद्भूत काव्यका अंशका रुपमा ग्रहण गरैं। मलाई गोपाल राजवंशीको शब्द मेल गर्ने तरिका एकदमै नवीनतम् र जादुमय लाग्न थालेको छ, जसले हरबखत यो मनलाई लोभ्याउन पुग्ने गरेको छ। यस्तो लाग्न थाल्यो कि मानौं मभित्रको त्यो अधुरो शाब्दिक तृष्णाको प्यास मेटाउन केहि हदसम्म भएता पनि गोपाल राजवंशीको रचनाहरुले हरेक पटक ठूलो सहयोग पुग्ने गरेको छ।

जिन्दगी पनि कति सानो रहेछ है! त्यसैले पनि होला यसलाई 'केवल दुई दिनको घामछायाँ' भनिएको। यसलाई पनि हामी भागदौड भागदौडमै सक्काउन लागिपरेका हुन्छौं। आफू र आफ्नो अस्तित्वलाई जान्न पाउँदा नपाउँदै कतिको त उमेर नै सकिने गर्दछ, हैन त?जीवन त सिक्ने नाम हो। जीवन त जिउने नाम हो। हो नि, हैन र? मैले अब भने थाहा पाएँ । म पनि थोरै थोरै सिक्दै अनि थोरै थोरै जिउने अभ्यास गर्दैछु। मनमा प्रसन्नताका लहरहरू लहराउन थाले। मैले आजभन्दा अगाडि यसरी राजवंशी समाजलाई कहिल्यै पनि नियालेको थिइनँ या भनौ मनमा यसरी नियाल्ने सोच पनि कहिल्यै आएको थिएन । आजको हाम्रो समाज एक बिल्कुलै फरक परिवेशमा छ । अहिलेको यस डिजिटल युगसम्म आइपुग्दा राजवंशी भाषिक सांगीतिक क्षेत्रले पनि ठूलो कोल्टे फेरिसकेको छ भने अन्य पक्षहरू पनि निकै मजबुत बनेर विभिन्न विकासमुखी गतिविधिहरूमा संलग्न भई/गराई स्थापित भइसकेका छन्। तर, यतिमै सीमित रहन मेरो मनले मानेन। यो त केवल मेरो सुरुवात हो। मलाई त यो बद्लावको जरासम्म पुग्नु छ। मेरो यो सुरुवातलाई परिवर्तनको यस चक्रको सुरुवातसम्म पुऱ्याउनु छ । हो मेरो यो प्रयास निरन्तर नै जारी रहनेछ । अन्त्यमा भन्नुपर्दा, गोपाल राजवंशीको बेदनाको अपार सफलतापछि यसको पाँचौ संस्करणसम्म पस्केर सिंगो समाजलाई सांगीतिक क्षेत्रमा पुऱ्याउनु भएको योगदान अकल्पनीय छ। साथै उनका अन्य दर्जनौ एल्बम एवं एकल गीति रचनाहरू राजवंशी सांगीतिक इतिहासमा सदैव नै अमर रहिरहने छन्।

# थप नौ हजार कर्मचारी कटौती गर्दै अमेजन

एजेन्सी । इन्टरनेट 'जायन्ट' अमेजनले थप नौ हजार कर्मचारी कटौती गर्ने भएको छ ।

सीईओ एन्डी जेस्सीले सोमबार लेखेको एक 'मेमो'मा कम्पनीले यसको अमेजन वेब होस्टिङ, ट्विच गेमिङ डिभिजन, विज्ञापन र पीएक्सटी विभागका कर्मचारीले रोजगारी गुमाउने उल्लेख छ । गएको जनवरीमा अमेजनले १८ हजार कर्मचारी कटौती गरेको थियो ।

अमेजन विश्वको सबैभन्दा ठूलो रोजगार प्रदायकमध्येको कम्पनी हो । विश्वभर यसका एक करोड ५० लाखभन्दा बढी कर्मचारी छन् । अमेजनले गुगलको भन्दा करिब सात गुणा बढी रोजगारी दिइरहेको छ । गुगलले दुई महिनाअघि १२ हजार कर्मचारी कटौती गरेको थियो ।

प्रतिदिन
PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष — विद्या र बुद्धिको विकास हुनेछ । नयाँ-नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।
वृष — नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ ।
मिथुन — घरमा अतिथिको आगमन हुनेछ । लाभदायक यात्रा रहनेछ ।
कर्कट — प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । मालसामान हराउन सक्छ ।
सिंह — छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।
कन्या — नयाँ नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ । व्यापार व्यवसायबाट लाभ
तुला — मित्र वा आफन्तको सहयोग मिल्नेछ । मिष्ठान्न भोजन प्राप्ति होला ।
वृश्चिक — कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा बढी सतर्कता अपनाउनुहोला ।
धनु — आफन्तको प्रगतिमा मन रमाउनेछ । आर्थिक क्षेत्रमा सोचेजस्तै लाभ लिन सक्छ
मकर — कुनै कुराले मनमा शान्ति छाउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ ।
कुम्भ — महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।
मिन — आज अनावश्यक यात्रा हुनसक्छ । पारिवारिक झमेला रहला ।